<u>दाङ जिल्लाको तुलसीपुरमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा</u>

# ब्यवसायिक बाख्रापालन तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका ३१ जनाग्राहक सदस्यहरुको सहभागितामा २०७६ भाद्र ३० गते देखि असोज १ गतेसम्म दाङ जिल्लाको एकान्त होटेल तुलसीपुरमा “ब्यवसायिक बाख्रापालन तालिम” सम्पन्न गरेको संस्थाका तुलसीपुर शाखा कार्यालयका शाखा प्रमुख श्री पिताम्बर पौडेलले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरु बरिष्ठ पशु चिकित्सक डा. नबिन बस्याल, श्री शुभास आचार्य, श्री सरिता शर्मा, कार्यक्रम अधिकृत श्री नवराज जोसी, शाखा प्रमुख श्री पिताम्बर पौडेल र शाखाका लेखापाल श्री शंकर पाण्डेय रहेका थिए ।

लघु उद्यमीलाई विकास गर्न र एक परिवारमा एक जना उद्यमी बनाउन पहल गरीरहेको संस्थाले साढे दुई दशक देखि निरन्तर लघुवित्त सेवा दिईरहेको र यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नततिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय कार्यालयका कार्यक्रम अधिकृत नवराज जोसीले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्यबारे मा संस्थाको तुलसीपुर शाखाका प्रमुख श्री पिताम्बर पौडेलले प्रकाश पारेका थिए भने कार्यक्रम शाखाका लेखापाल श्री शंकर पाण्डेयले संचालन गरेका थिए ।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था देशको ७७ वटै जिल्लाहरुमा शाखा सञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी लघुवित्त सेवा प्रदान गरिरहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विनाधितो लगानी गर्नुका साथै सीपमूलकतालिम, उद्यमशीलविकास तालिम, वित्तीय साक्षरता, ब्यवसायीक साक्षरता र सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आईरहेको छ । संस्थाले देशको अति दुर्गम स्थानहरुमा पनि शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आई रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आईरहेको छ । संस्थाले २०७६ श्रावण मसान्तसम्ममा ३ लाख ५८ हजार ६०१ घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । २०७६ श्रावण मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. १९ अरब ६० करोड ८५ लाख रहेको छ भने ग्राहक सदस्यहरुका ११ अरब १४ करोड ९७ लाख बचत परिचालन गरेको छ ।



बाख्रापालन ब्यवसाय एक परिचय, स्थानीय र उन्नत बाख्रामा भिन्नता, बाख्रापालनको महत्व, आवश्यकता र वर्तमान स्थिति तथा नेपालमा पालिने स्थानीय तथा उन्नत नश्लका बाख्राहरुको जातिय परिचय, बाख्रापालन विधि, उमेर अनुसार पाठापाठी, बाख्राबोकालाई भूँईको आवश्यकता तथा खोर निर्माण गर्न स्थानको छनौट, स्थानीयश्रोत साधनप्रयोग गरी उन्नतखोर निर्माण गर्ने तरिका र खोरमा हावा, ताप, प्रकाश, आर्द्रताको महत्व, सोतरको महत्व एवम् सोतरको लागि प्रयोग गरिने वस्तुहरु, उमेर अनुसार बाख्रालाई आहारको आवश्यकता तथा आहाराका श्रोतहरु (भूँई घाँस, डाले घाँस, चरन क्षेत्र बारे जानकारीको साथै सन्तुलित दाना बनाउने विधि र स्थानीयश्रोत साधनको प्रयोग गरी सन्तुलितदानाबनाउने तरिका, प्रजननको लागि बाख्रा तथा बोकाको छनौट गर्ने तरिका, प्रजनन गराउने उमेर, स्वजातिय तथा प्रजातिय प्रजननबाट हुने फाईदा बेफाईदा बारे जानकारी, थारा, ब्याउने बाख्रा, पाठा र पाठी र ब्याएको माउको हेरचाह, खोर, दानापानीदिने भाँडाहरुको सरसफाईको साथै खसीपार्ने उमेर र तरिकाहरु बारे

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

आवश्यकजानकारी, रोग तथा निरोगी बाख्राको पहिचान, रोग लाग्नाका कारण तथाबाख्रामा लाग्ने पिपिआर रोग, टिम्पेनी, छेरौटी रोग, बाखाको छ मासे रोग, खोरेत रोग, रेविज रोगको लक्षण, उपचार तथा रोकथामका उपायबारे जानकारी, बाख्रामा हुने आन्तरीक र वाह्य परिजिविहरुको नियन्त्रण साथै खोप कार्यक्रमबारे जानकारी, स्थानीयबाख्रापालनको महत्व, कमी, कमजोरी, संरक्षण तथा विकास, बजार ब्यवस्थापन, बाख्रापालनको स्किम, बचतको महत्व तथा संस्थाका सेवाहरुको बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गरेको तुलसीपुर शाखाका शाखाप्रमुख श्री पितामम्बर पौडेलले बताएका थिए । ब्यवसायिक रुपमा बाख्रापालन गर्न इच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीपप्रदान गरी ब्यवसायिक सफलताको लागि तालिममा सहभागी गराईएको संस्थाका क्षेत्रीय कार्यालय कोहलपुरका कार्यक्म अधिकृत श्री नवराज जोशिले जानकारी गराएका थिए ।

तालिमको अन्त्यमा सहभागीहरु श्री नर्मदा बस्याल श्री बालीका भण्डारीले मन्तब्य राखेका थिए । ब्यवसायिक रुपमा बाख्रापालन गरि आम्दानी वृद्धि गर्न तालिमले हौसला प्रदान गरेको र तालिममा सिकेका विषयहरुलाइ ब्यवसायमा प्रयोग गरि ब्यवस्थित र आधुनिकतरिकाले ब्यवसाय सञ्चालन गर्ने सहभागीहरुले बताएका थिए ।

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved.